# रंगेली नगरपालिका

१ नं. प्रदेश, मोरङ

# रंगेली नगरपालिकाको राजपत्र

## रंगेली नगरपालिकाबाट प्रकाशित

खण्ड : ६ संख्या : १० मिति : २०७९/०६/१३


### भाग-२

नेपालको संविधानको धारा २२६ बमोजिम तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगर कार्यपालिकाले बनाएको यो कार्यविधी सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

# रंगेली नगरपालिकाको स्वास्थ्य बीमा कार्यक्रम सम्बन्धी कार्यविधी, २०७९

**प्रस्तावनाः** नेपालको संविधानले स्वास्थ्य सेवालाई प्रत्येक नागरिकले उपभोग गर्न पाउने प्रत्याभूतिका लागि मौलिक हकको रुपमा स्थापित गरेको छ । नेपाल सरकारले वि.सं. २०७१ सालदेखि सर्वसाधारणको योगदानमा आधारित स्वास्थ्य बीमा कार्यक्रम संचालन गर्दै आएको छ । २०७२ सालमा नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकमा रुपमान्तरण भएसँगै संघीय संरचना अनुसार हाल संघ, प्रदेश र स्थानिय तहको सरकारबाट राज्य संचालन भैरहेको छ । सो सन्दर्भमा स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानिय तहमा रहेका नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवामा सरल, सहज पहुँच सुनिश्चित गर्नु स्थानिय सरकारको जिम्मेवारी हो र रंगेलीनगरपालिकाले आ.व. २०७९/८० को वार्षिक विकास योजनामा भुमिहिन दलित र भुमिहिन सुकुम्बासी समुदायको स्वास्थ्य बिमा कार्यक्रमलाई प्राथमिकतामा राखेको छ ।यसका साथै राष्टिय स्वास्थ्य बिमा नीतिले गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपयोगमा सुधार गरी स्वास्थ्य बीमा बाट सबैका लागि स्वास्थ्य सेवा सूनिश्चित गर्ने नीतिको स्थानिय स्तरमा कार्यान्वयन गर्नका लागि रंगेलीनगरपालिकाबाट यो कार्यविधि तयार गरी लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधीको नाम “रंगेली नगरपालिकाको स्वास्थ्य बीमा कार्यक्रम सम्बन्धी कार्यविधी, २०७९”रहेको छ

(ख) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

(क) ““कार्यविधि”” भन्नाले स्वास्थ्य बीमा कार्यक्रम सम्बन्धी कार्यविधी २०७९ सम्झनुपर्दछ ।

(ख) “”नगरपालिका प्रमुख”” भन्नाले रंगेलीनगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्दछ ।

(ग)““नगर उप-प्रमुख”” भन्नाले रंगेलीनगरपालिकाको नगर उप-प्रमुखलाई सम्झनुपर्दछ ।

(घ)”प्रमुख प्रशासकीय अधिकृत”” भन्नाले रंगेलीनगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(ङ) “”वडाध्यक्ष”” भन्नाले रंगेलीनगरपालिकाको १-९नं. वडाका प्रमुखलाई सम्झनुपर्दछ ।

(च) “”सदस्य”” भन्नाले रंगेलीनगरपालिकाको नगरसभा एंव कार्यपालिकाको सदस्यलाई सम्झनुपर्दछ ।

(छ) “”वडा सचिव”” भन्नाले रंगेलीनगरपालिकाको १-९नं. वडाका सचिवलाई सम्झनुपर्दछ ।

(ज) ““लाभग्राही”” भन्नाले भुमिहिन दलित र भुमिहिन सुकुम्बासी समुदायलाई सम्झनुपर्दछ ।

(झ) “भुमिहिन दलित” भन्नाले नेपाल सरकारले राजपत्रमा प्रकाशन गरेको दलित जातीय अनुसूचीमा उल्लेखित जातीहरु मध्येनिज एंव निजको परिवारको नाममा कहिकतै जग्गा-जमिन नभएको

वर्गलाई सम्झनुपर्छ। त्यस्तो व्यक्ति वा परिवार रंगेली न.पा.को क्षेत्र भित्र स्थायी बसोबास गरेको नेपाली नागरिक हुनुपर्नेछ।

(ट) ""भुमिहिन सुकुम्बासी"" भन्नाले निज एंव निजको परिवारको नाममा कहिकतै जग्गा-जमिन नभएको वर्गलाई मात्र सम्झनुपर्छ र त्यस्ता व्यक्ति वा निजको परिवार रंगेली न.पा. क्षेत्र भित्र स्थायी बसोबास गरेको नेपाली नागरिक हुनुपर्नेछ।

(ठ) "म.स्वा.से." भन्नाले रंगेली नगरपालिका भित्र वडामा रहेका सामुदायिक महिला स्वास्थ्य स्वयं सेविका सम्झनुपर्छ।

(ठ) ""दर्ता सहयोगी"" भन्नाले स्वास्थ बीमा नियमावली, २०७५ बमोजिम नियुक्त भएको कर्मचारी सम्झनुपर्छ।

(ड) ""नगरपालिका"" भन्नाले रंगेली नगरपालिकालाई सम्झनुपर्दछ।

**३. स्वास्थ्य बीमा योगदान रकम र सुविधा कार्यक्रमः**

(क)नगरपालिका क्षेत्र भित्र स्थायी बसोबास गरी बस्ने, तर आर्थिक अवस्थाका कारण आकस्मिक, बहिरङ्ग तथा अन्तरङ्ग स्वास्थ्य उपचार गराउनबाट वञ्चित भएका नागरिकहरुको स्वास्थ्य उपचारमा हुने सम्भावित खर्चको जोखिमलाई न्यूनीकरण गर्ने उद्देश्यले त्यस्ता समुदाय वा परिवारलाई लक्षित गरी नगरसभाबाट बजेट विनियोजन गरी यो स्वास्थ्य बीमा कार्यक्रम लागू गरिएको छ।

(ख) यो कार्यक्रम प्रत्येक आर्थिक वर्षका लागिसभाबाट विनियोजन गरी म स्वा से, भुमिहिन दलित र भुमिहिन सुकुम्बासी समुदायका व्यक्ति वा परिवारलाई औसत १ परिवारमा ५ जना सदस्यलाई समेट्ने गरी अनूसूची-१ बमोजिम योगदान रकममा आधारित भई सञ्चालन गरिनेछ ।तर,

(ग) बुँदा नं.३ (क) र (ख) मा जुनसुकै कुरा लेखिए तापनि अनुसूची-२ बमोजिमको लक्षित समूह अन्तर्गत पर्ने व्यक्ति वा परिवारले योगदान वापत रकम भुक्तान गर्नुपर्ने छैन ।

**४. स्वास्थ्य बीमा लाभग्राही हुनका लागि आवश्यक पर्ने योग्यताः**

बुँदा नं.३(क) र (ख) बमोजिमको सहयोग प्राप्त गर्न देहाय बमोजिमको योग्यता अनिवार्य हुनेछ।

(क) नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने वा नागरिकताको प्रमाणपत्र प्राप्त नभएको भएमा सम्बन्धित वडाले नेपाली नागरिक भएको सिफारिस गरेको हुनुपर्ने,

(ख) नगरपालिका भित्र स्थायी बसोबास गरेको हुनुपर्ने,

(ग) अनिवार्य रुपमा म.स्वा.से, भुमिहिन दलित र भुमिहिन सुकुम्बासी हुनुपर्नेछ ।

**५. स्वास्थ्य बीमा लाभग्राही छनौट प्रक्रियाः**

स्वास्थ्य बीमा लाभग्राही छनौटका लागि निम्नानुसारका प्रक्रियाहरु पूरा गर्नु पर्नेछः

(क) आवेदन दिनको लागि सूचना प्रकाशनः लाभग्राही पक्षबाट आवेदन माग गर्न सम्वन्धित वडा कार्यालयबाट आवेदन संकलन शुरु हुने मिति भन्दा कम्तीमा ७ दिन अगावै सार्वजनिक संचार माध्यमबाट आवेदन दिन सकिने विषय सहितको सूचना प्रसारण गर्नु पर्नेछ ।

(ख) बीमा गर्न चाहने इच्छुक व्यक्तिले सम्बन्धित वडा कार्यालय वा वडास्तरीय जनप्रतिनिधि मार्फत बीमा सम्बन्धी विस्तृत सूचना लिन सक्नेछ ।

(ग) योग्यता पुगेका इच्छुक व्यक्तिले बीमाको लागि अनुसूची-३ बमोजिमको आवेदन रितपूर्वक भरी आफ्नो स्थायी ठेगाना खुलेको वडा कार्यालयमा गई बुझाउनु पर्नेछ ।

(घ) अनुसूची-३ बमोजिमको आवेदन फाराम वडा कार्यालयबाट निःशुल्क उपलब्ध हुनेछ ।

(ङ) आवेदनका साथ नियम नं. ४ (क), (ख) र (ग) लाई पुष्टयाई हुने कागजातहरु र आवेदकको एक प्रति पासपोर्ट साइजको फोटो अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

**६.वडा स्तरीय स्वास्थ्य बीमा लाभग्राही छनौट समितिको गठनः**

वडा स्तरीय स्वास्थ्य बीमा लाभग्राही छनौट गर्न देहाय अनुसारको एक समितिको गठन हुनेछः

| | |
|---|---|
| सम्बन्धित वडाको वडा अध्यक्ष | संयोजक |
| सम्बन्धित वडाको वडा सदस्यहरु (४ जना ) | सदस्य |
| सम्बन्धित वडामा रहेको स्वास्थ्य संस्थाको प्रमुख | सदस्य |
| वडा सचिव | सदस्य- सचिव |

तर,
बीमा लाभग्राहीको सिफारिस प्रयोजनका लागि समितिले थप परामर्शको आवश्यकता महसुस गरेमा सम्बन्धित कुनै व्यक्ती वा विज्ञलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिनेछ ।

**७.वडा स्तरीय स्वास्थ्य बीमा लाभग्राही छनौट समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः**

(क) वडा भित्र संकलन भएका बीमा आवेदनहरु रितपूर्वक भए नभएको जाँच गर्ने।

(ख) नियम नं.३ बमोजिमका आधार नपुगेका अयोग्य आवेदनहरु सम्बन्धित आवेदकलाई कारण सहित फिर्ता गर्ने।

(ग)योग्यता पुगेका आवेदनहरुलाई दर्ता गरिएको मितिको आधारमा क्रम मिलाएर म स्वा से, भुमिहिन दलित र भुमिहिन सुकुम्बासीवर्ग अनुसार छुट्टाछुट्टै अभिलेख राख्ने।

(घ) बीमा आवेदन मागको चाप अत्याधिक बढेर विनियोजित बजेटबाट अधिकांश लाभग्राहीलाई समेट्न नसक्ने परिस्थती पैदा भएको महशुस गरेमा समितिले अनुसुचि-४ बमोजिम वर्गीकरणका अन्य आधारहरु तय गरेर अन्तिम सूची तयार गर्न सक्नेछ ।

(ङ)नामावली तयार गर्दा सकेसम्म स्वास्थ्य बीमा लाभग्राही कूल संख्याको ५% वैकल्पिक लाभग्राहीहरुको नामावली पनि प्राथमिकताक्रमका आधारमा तयार गर्ने।

(च) आफ्नो वडा भित्रका बीमा लाभग्राहीहरुको अन्तिम सुची अनुसार नामावली तयारी गरी प्रकाशन गर्ने र सम्बन्धित आवेदकलाई सूचित गर्ने।

(छ) दर्ता सहयोगी कर्मचारी मार्फत बीमा प्रक्रिया प्रारम्भ गर्न आवश्यक प्रबन्ध मिलाउने।

(ज) वर्गीकरण तथा सिफारिसको नतिजा प्रमाणित गरी सुरक्षित राख्ने ।

**८.सम्झौताः** वडा कार्यालय र छनौट भएका बीमा लाभग्राही बिच अनुसूची-५ बमोजिम सम्झौता हुनेछ

**९.समय सीमाः** समयसीमा अनुसूची-६ बमोजिम हुनेछ ।

**१०.स्वास्थ्य बीमा प्रारम्भ, विधि तथा प्रक्रियाः**

(क) नियम नं.८ बमोजिम सम्झौता पत्रमा हस्ताक्षर भएपछि मात्र निजलाई स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत बीमित हुनको लागि योग्य भएको मानिनेछ।

(ख) सम्झौता भएका बिमितको नामावली वडा कार्यालयले वडाको दर्ता सहयोगीलाई उपलव्ध गराउनु पर्नेछ।

(ग) सम्झौता पत्र र विमित परिवारको आवस्यक कागजात सहित सम्वन्धित वडा कार्यालयले विमितको स्वास्थ्य विमा रकम भुक्तानिका लागि नगरपालिकामा सिफारिस गरे पश्चात नगरपालिकाले विमा वापतको प्रिमियम सम्वन्धित पक्ष लाई उपलव्ध गराउने छ।

(घ) दर्ता सहयोगीले प्रति ईकाइ परिवारको बीमा गरे बापतको पाइने सेवा सुविधा स्वास्थ्य विमा बोर्ड बाटै भुक्तानि लिनुपर्नेछ।

**११.विविधः**

(क) यो कार्यविधी लागू गर्नु अगावै नियम नं. ४ बमोजिम योग्यता पुगेका कुनै व्यक्ति वा परिवारले स्वास्थ्य बीमा गरिसकेको रहेछ भने निजको हकमा पुनः दोहोरो बीमा हुने छैन ।

(ख) छनौट भएका स्वास्थ्य बीमा लाभग्राहीको परिवारमा ५ जना भन्दा बढी सदस्य भए सो बढी सदस्यहरुको बीमा नगरपालिकाले गर्ने छैन ।त्यसरी थप हुने सदस्यको बीमा गर्न चाहेमा स्वयंले शुल्क व्यहोर्नुपर्नेछ ।

(ग) यो स्वास्थ्य बीमा सहयोग कार्यक्रमका बारेमा कुनै सम्भावित लाभग्राहीको नाम छुट हुन गएको, दोहोरो परेको वा कुनै कारणले नाम समावेश हुन नसकेको सम्बन्धमा गुनासो सुन्ने निकाय वा अधिकारी सम्बन्धित वडा कार्यालय वा वडा अध्यक्ष हुनेछ ।

(घ) यो कार्यविधीका नियमहरुलाई संशोधन वा थपघट गर्ने अधिकार रंगेली नगरकार्यपालिकामा मात्र निहित हुनेछ ।

## अनुसूची-१

(कार्यविधीको नियम नं. ३ (ख) सँग सम्बन्धित)

लाभग्राही/बिमित योगदान रकम

| सि. नं. | बिमित | नगरपालिकाको योगदान वापतको रकम | स्वास्थ्य बिमा कार्यक्रम बाट योगदान वापतको रकम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | भुमिहिन दलित र भुमिहिन सुकुम्बासीसमुदाय | रु.३५००.० (तीन हजारपाँच सयमात्र) | - | रु.३५००.० (तीन हजार पाँच सय मात्र) | परिवारमा५जना भन्दाबढीसदस्य भएप्रत्येक सदस्यवापत रु.७०० व्यक्ती वापरिवार स्वंयले व्यहोर्नु पर्नेछ । |
| २ | महिला स्वास्थ्य स्वंयमसेविका संलग्न भएको परिवार | रु.१७५०.० (एक हजार सातसय पचास मात्र) | रु.१७५०.० (एक हजार सातसय पचास मात्र) | रु.३५००.० (तीन हजार पाँच सय मात्र) | |

## अनुसूची-२

(कार्यविधीको नियम नं. ३ (ग) सँग सम्बन्धित)

लाभग्राही समूह अन्तर्गत योगदान वापत रकम भुक्तान गर्नुनपर्ने उपसमूह

| सि.नं. | बीमित उपसमूह | स्वास्थ्य बिमा कार्यक्रम बाट योगदान वापतको रकम | नगरपालिकाको योगदान वापतको रकम | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | अति अशक्त अपाङ्गता "क वर्ग" | रु.३५००।० (तीन हजार पाँच सय मात्र) | - | रु.३५००।० (तीन हजार पाँच सय मात्र) | परिवारमा ५ जना भन्दा बढी सदस्य भए प्रत्येक सदस्य वापत रु.७०० व्यक्ती वा परिवार स्वंयले व्यहोर्नु पर्नेछ |
| २ | कुष्ठरोगी | रु.३५००।० (तीन हजार पाँच सय मात्र) | - | रु.३५००।० (तीन हजार पाँच सय मात्र) | |
| ३ | एच आई भी सक्रमित | रु.३५००।० (तीन हजार पाँच सय मात्र) | - | रु.३५००।० (तीन हजार पाँच सय मात्र) | |
| ४ | क्षयरोग (मल्टीड्रग रेसिसटान्ट ट्युबरकुलोसिस) | रु.३५००।० (तीन हजार पाँच सय मात्र) | - | रु.३५००।० (तीन हजार पाँच सय मात्र) | |
| ५ | ७० वर्ष उमेर पुगेका जेष्ठ नागरिक | रु.३५००।० (तीन हजार पाँच सय मात्र) | - | रु.३५००।० (तीन हजार पाँच सय मात्र) | व्यक्ती स्वंयलाई परिवारको एक एकाइ मानिनेछ । |

## अनुसूची-३

(कार्यविधीको नियम नं. ५ (घ) सँग सम्बन्धित)

बीमा लाभग्राही आवेदन फाराम

श्रीमान् वडाध्यक्षज्यू,
वडा नं.
रंगेलीनगरपालिका, मोरङ्ग ।

आवेदकको
फोटो

**विषयः स्वास्थ्य बीमा कार्यक्रम सम्बन्धमा ।**

रंगेली नगरपालिकाकार्यपालिकाको कार्यालयले सञ्चालन गर्न लागेको स्वास्थ्य बीमा कार्यक्रममार्फत बीमा लाभग्राही हुनका लागि आफूलाई योग्य ठानी यो आवेदन पेश गरेको छु ।आवश्यक पर्ने कागजात प्रमाणहरु यसैसाथ संलग्न राखिएको छ ।मैले पेश गरेको सबै विवरण सही सत्य छन् झुट्टा ठहर्न गएमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

| **आवेदकको** | |
|---|---|
| नाम थर | |
| उमेर | |
| स्थायी ठेगाना | |
| टोल | |
| वडा नं. | |

| **बीमा सेवाग्राही सदस्यहरुको नामावली (बढीमा ५ जना)** | | | |
|---|---|---|---|
| सि.नं. | बीमा सेवाग्राहीहरुको पूरा नाम थर | उमेर | आवेदकसँगको नाता |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

**संलग्न गर्नुपर्ने कागजातहरुः**

१.नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

२.स्थायी ठेगाना खुल्ने कागजात (नागरिकतामा स्थायी ठेगाना हालको भन्दा अन्यत्र भए)

३.अति अशक्त अपाङ्गता “क वर्ग” वा कुष्ठरोगी वा एच आई भी संक्रमित वा क्षयरोग (मल्टीड्रग रेसिसटान्ट ट्युबरकुलोसिस) भए सो को प्रमाण खुल्ने कागजात

४.महिला स्वास्थ्य स्वयंमसेविका भए सो को प्रमाण खुल्ने कागजात

५.७० वर्ष माथिको ज्येष्ठ नागरिक भए सो को प्रमाण खुल्ने कागजात

## अनुसूची-४

(कार्यविधीको नियम नं. ७ (घ) सँग सम्बन्धित)

लाभग्राहीको वर्गीकरणका आधारहरु

आवेदकको नाम थरः

वडा नं.

| पारिवारिक किसिम | हो | होइन |
|---|---|---|
| अति अशक्त अपाङ्गता "क वर्ग" वा कुष्ठरोगी वा एच आई भी संक्रमित वा क्षयरोग (मल्टीड्रग रेसिसटान्ट ट्युबरकुलोसिस) संलग्न भएको परिवार | | |
| महिला स्वास्थ्य स्वंयमसेविका संलग्न भएको परिवार | | |
| ७० वर्षभन्दा माथिको जेष्ठ नागरिक | | |

| सूचक | अंक १ | अंक २ | अंक ३ | प्राप्ताङ्क |
|---|---|---|---|---|
| आवास(घर) | पक्की घर | अर्धपक्की | कच्ची घर वा घर नभएको | |
| रोजगारी | मासिक तलब पाउने नोकरी वा स्वरोजगारी | ज्यालादारी मजुदर वा निर्वाहमुखी व्यवसाय | बेरोजगार वा आंशिक ज्यालादारी | |
| शिक्षा आर्जन (सन्ततीको) | निजी विद्यालय | सरकारी विद्यालय | गरिबीका कारण बिचैमा पढाइ छुटाउनु परेको | |
| परिवार संख्या | ५ जनासम्म | ६-९ जनासम्म | १० भन्दा बढी | |
| पशुपालन | गाई-३ वा सो भन्दा बढी/<br>भैसी-२ वा सो भन्दा बढी/<br>खसी बाख्रा- १० वा सो भन्दा बढी | गाई- १/ भैसी- १/<br>खसी बाख्रा- ५ -९ | कुनै नभएको | |
| कुल प्राप्ताङ्क | | | | |

मुल्याङ्कनकर्ताको हस्ताक्षरः.......................................

नामः

पदः

मितिः

## अनुसूची-५
(कार्यविधीको नियम नं. ८ सँग सम्बन्धित)

### रंगेली नगरपालिकाकार्यपालिकाको कार्यालय र स्वास्थ्य बीमा लाभग्राही बिचको सम्झौता पत्र

रंगेलीनगरपालिकाकार्यपालिकाको कार्यालय (यस पछि पहिलो पक्ष भनिने)रयसै नगरपालिकाको वडानं.....माबस्ने श्री..................................................................................................को बर्ष........छोरा/छोरी/श्रीमती............................................. (यस पछी दोश्रो पक्षभनिने) बीच देहायका शर्तको अधिनमा रही सम्झौता गर्न मञ्जुर भएकोले सही छाँप गरी यो कागज तयार गरी लियौं दियौं ।

शर्तहरुः

१. स्वास्थ्य बीमा कार्यक्रम भन्नाले नेपाल सरकारले सञ्चालनमा ल्याएको बीमा कार्यक्रम मात्र बुझ्नुपर्नेछ ।

२. दोश्री पक्षले अन्य निजी बीमा कम्पनीसँग स्वास्थ्य बीमाका लागि गरेको सम्झौताको बीमा रकम भुक्तानीका लागि पहिलो पक्षक बाध्य हुनेछैन ।

३. कायविधीको नियम नं. ७(च) बमोजिम प्रकाशित नामावलीमा समावेश भएको परिवारसँग मात्र सम्झौता गरिनेछ ।

४. नियम नं -३ मा उल्लिखित सदस्यहरुको हकमा मात्र यो सम्झौता उत्तरदायी रहनेछ ।

५. सम्झौता स्वीकृत भए पछि पहिलो पक्षले दोश्रो पक्षको नाममा स्वास्थ्य बीमाको लागि एक अवधीको लागि मात्र अनुसूची -१ बमोजिम रकम(प्रिमियम) भुक्तान गर्नेछ ।

६. दर्ता सहयोगी मार्फत स्वास्थ्य बीमा कार्यक्रमका बारेमा दिइएका सबै निर्देशनहरुको पालना गर्नु दोश्रो पक्षको कर्तव्य हुनेछ ।

७. पहिलो पक्ष वा पहिलो पक्षमार्फत आउने व्यक्ति वा संस्थाले दोश्रो पक्षले उपभोग गरिरहेको बीमाको बारेमा सोधपुछ वा प्रतिक्रिया लिन आउँदा दोश्री पक्षले त्यस्तो कार्यमा अनिवार्य रुपमा सहयोग पुर्याउनु पर्नेछ ।

८. नेपाल सरकारद्धारा संचालित स्वास्थ्य बीमाको महत्वको बारेमा दोश्री पक्षले प्रचार प्रसार गरी सबैलाई जानकारी दिनुपर्नेछ ।

९. आवश्यकता अनुसार सम्झौताका शर्तहरु आपसी सहमतीमा थपघट हुन सक्नेछन् ।

| पहिलो पक्षको तर्फबाटः | दोश्रो पक्षको तर्फबाटः |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |

अनुसूची-६

(कार्यविधीको नियम नं. ९ सँग सम्बन्धित)

**समय तालिका**

| सिं.नं. | क्रियाकलाप | कार्यविधी | समय | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | सूचना प्रशारण गर्ने | नियम नं.५ | शुरुको १ हप्ता | रंगेली नगरपालिका र वडा कार्यालय |
| २ | आवेदन फाराम वितरण गर्ने र संकलन गर्ने | नियम नं.५ | दोस्रो हप्ता | वडा कार्यालय |
| ३ | आवेदन वितरण बन्द गर्ने | नियम नं.५ | दोस्रो हप्ता | वडा कार्यालय |
| ४ | आवेदन वर्गीकरण गरी वडा स्तरीय समितिले लाभग्राहीको छनौट गर्ने | नियम नं.७ | तेस्रो हप्ता | वडा कार्यालय |
| १० | वडा कार्यालयमा नामावली प्रकाशित गर्ने | नियम नं.७ | चौथो हप्ता | वडा कार्यालय |
| ११ | सम्बन्धित बीमा लाभग्राहीलाई सूचना दिने | नियम नं.७ | चौथो हप्ता | वडा कार्यालय |
| १२ | सम्झौता गर्ने | नियम नं.८ | चौथो हप्ता | वडा कार्यालय |
| १३ | दर्ता सहयोगीसँग सम्पर्क र बीमा प्रक्रिया प्रारम्भ | नियम नं.१० | चौथो हप्ता | वडा कार्यालय |
| १४ | नियमित अनुगमन | | | वडा/नगरपालिका |

आज्ञाले,
ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

\